

✍ दानबहादुर कार्की
महानिरीक्षक, नेपाल प्रहरी

'सद्भाव जोगाउने जिम्मेवारी प्रहरीको मात्रै होइन'

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २१० ❑ २०८३ साउन २८ गते बिहीबार ❑ Thursday, 13 Aug. 2026 ❑ मूल्य ७ /-

# हात्तीको बाटोमा मानव बस्ती, द्वन्द्वको जोखिम बढ्दै

❍ झापामा १६ वर्षमा हात्तीको आक्रमणबाट ८० जनाको मृत्यु – ७० नेपाली र १० गैरनेपाली नागरिकले ज्यान गुमाएका छन् । ❍ मानव-हात्ती द्वन्द्वमा २८ हात्ती पनि मारिए – विसं २०६२ यता झापामा मानिससँगको द्वन्द्वका क्रममा २८ वटा जङ्गली हात्ती मरेका छन् । ❍ २०८० साल सबैभन्दा घातक – उक्त वर्ष तीन महिलासहित ८ जनाले हात्तीको आक्रमणबाट ज्यान गुमाए । आर्थिक वर्ष २०८२/८३ मा मात्रै ६ जनाको मृत्यु भएको छ । ❍ देशभर दुई दशकमा २७४ जनाको मृत्यु – सन् २००० देखि २०२० जुनसम्म नेपालमा अभिलेख भएका ४१२ वटा हात्ती आक्रमणका घटनामा २७४ जनाको मृत्यु र १३८ जना घाइते भएका थिए ।

✍ खगेन्द्र कार्की

**दमक/** नेपालमा मानव-हात्ती द्वन्द्वको जोखिम बढिरहेका बेला बुधबार विश्व हात्ती दिवस मनाएको छ । हरेक वर्ष अगस्ट १२ मा मनाइने यो दिवसले हात्ती संरक्षणसँगै मानव-हात्ती द्वन्द्व न्यूनीकरण र हात्तीका प्राकृतिक आवागमन मार्ग अर्थात् करिडोर संरक्षणमा जोड दिँदै आएको छ । नेपालमा भने यो दिवस संरक्षणको उत्सव मात्र नभई मानिस र हात्तीबीच बढ्दो द्वन्द्वको दीर्घकालीन समाधान खोज्ने अवसरका रूपमा लिनुपर्ने देखिन्छ । विशेषगरी तराई र चुरे क्षेत्रमा हात्तीका कारण मानिसको मृत्यु तथा घाइते हुने, घरसम्पत्तिमा क्षति पुग्ने र कृषि बाली नष्ट हुने घटना नियमित भइरहेका छन् । पछिल्लो समय चितवनमा भएको घटनाले पनि यसको गम्भीरता पुनः देखाएको छ । भरतपुर महानगरपालिका-२३ बेलहट्टामा जङ्गली हात्ती 'धुर्बे'को आक्रमणमा २५ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरत बोटेको मृत्यु भयो । २०८३ असार २७ गते राति घरमै सुतिरहेका बेला हात्तीले आक्रमण गरेको थियो । हात्ती धपाउने क्रममा बालिएको आगोले उनीहरूको कच्ची घरमा समेत क्षति पुगेको थियो । यो घटना हात्ती र मानिसबीचको दूरी मात्र घटेको होइन, हात्तीको परम्परागत आवागमन क्षेत्रमै मानव बस्ती र गतिविधि विस्तार भइरहेको गम्भीर संकेत पनि हो । हात्तीले आफ्नो बाटो परिवर्तन गरेर बस्ती छिरेको हो वा मानिसको बस्ती नै हात्तीको परम्परागत मार्गमा विस्तार भएको हो भन्ने विषयमा वैज्ञानिक अध्ययन गरी सोहीअनुसार भूमि व्यवस्थापन गर्नु आवश्यक देखिन्छ ।

नेपालमा मानव-हात्ती द्वन्द्वको अवस्था कति गम्भीर छ भन्ने राष्ट्रिय अध्ययनको तथ्यांकले पनि देखाउँछ । सन् २००० देखि २०२० जुनसम्म तराई तथा चुरे क्षेत्रमा अभिलेख गरिएका ४१२ वटा हात्ती आक्रमणका घटनामा २७४ जनाको मृत्यु र १३८ जना घाइते भएका थिए । अध्ययनअनुसार करिब एक चौथाइ आक्रमण मानिसले हात्तीलाई धपाउने क्रममा भएका थिए भने आधाजसो घटना घर वा बस्ती आसपास भएका थिए । यसले हात्ती बस्तीमा प्रवेश गर्दा मानिसले भिडेर धपाउने प्रयास गर्नु थप जोखिमपूर्ण हुने देखाउँछ । अभिलेख गरिएका घटनामध्ये अधिकांशमा एक्लो वयस्क भाले वा भाले हात्तीको समूह संलग्न रहेको पाइएको छ । हात्तीको व्यवहार, मौसम, बासस्थान,

बाँकी ४ पेजमा ▸▸

## सन्दर्भ : विश्व हात्ती दिवस

## झापामा ८० जनाको मृत्यु

**दमक/** झापामा पछिल्लो १६ वर्षमा जङ्गली हात्तीको आक्रमणबाट ८० जनाले ज्यान गुमाएका छन् । डिभिजन वन कार्यालय भद्रपुरका अनुसार सोही अवधिमा मानिससँगको द्वन्द्वमा २८ वटा जङ्गली हात्तीसमेत मारिएका छन् । डिभिजन वन कार्यालय भद्रपुरका प्रमुख नथुनी यादवका अनुसार विसं २०६७ असार ३ गतेदेखि २०८३ असार मसान्तसम्म हात्तीको आक्रमणबाट ७० नेपाली र १० गैरनेपाली नागरिकको मृत्यु भएको छ । उनका अनुसार झापामा औसतमा हरेक वर्ष पाँच जनाले हात्तीको आक्रमणबाट ज्यान गुमाउने गरेका छन् ।

मानवीय क्षतिको दृष्टिले विसं २०८० सबैभन्दा बढी जोखिमपूर्ण वर्ष बनेको छ । उक्त वर्ष जङ्गली हात्तीको आक्रमणबाट तीन महिलासहित आठ जनाको मृत्यु भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आर्थिक वर्ष २०८२/८३ मा मात्रै हात्तीको आक्रमणबाट छ जनाको मृत्यु भएको छ । मृतकका परिवारलाई जनही रु १० लाखका दरले राहत उपलब्ध गराइएको प्रमुख यादवले जानकारी दिए ।

बाँकी ४ पेजमा ▸▸

# केन्द्रको निर्देशनले सहज बन्यो कोशीको भागबण्डा

**विराटनगर/** एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच कोशी प्रदेश सरकारमा मन्त्रालय भागबण्डाको विषय केन्द्रबाटै तय गरिएको पाँचबुँदे मापदण्डअनुसार टुंग्याउने तयारी भएको छ । मन्त्रालय बाँडफाँटमा लामो समयदेखि देखिएको अन्योल हटाउन एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश सरकार गठन तथा सञ्चालनका लागि पाँचबुँदे खाका पठाएपछि प्रदेशका नेताहरूलाई भागबण्डा मिलाउन सहज भएको हो ।

केन्द्रको निर्देशनअनुसार प्रदेशसभामा दलहरूले प्राप्त गरेको सिट संख्या

बाँकी ४ पेजमा ▸▸

## *सरकारबाट बाहिरियो कांग्रेस*

***विराटनगर*** *। कोशी प्रदेश सरकारमा सहभागी नेपाली कांग्रेसका चार मन्त्री र एक राज्यमन्त्रीले राजीनामा दिएका छन् । हिक्मतकुमार कार्की नेतृत्वको प्रदेश सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरूले बुधबार मुख्यमन्त्री कार्कीसमक्ष राजीनामा बुझाएका हुन् । राजीनामा दिनेमा भौतिक पूर्वाधार विकासमन्त्री प्रदीपकुमार सुनुवार, पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली, उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरी, स्वास्थ्य मन्त्री मानबहादुर लिम्बू र भौतिक पूर्वाधार विकास राज्यमन्त्री शोभा चेम्जोङ रहेका छन् । विराटनगरस्थित मुख्यमन्त्री कार्यालयमा बुधबार दिउँसो साढे ३ बजे बसेको अन्तिम मन्त्रिपरिषद् बैठकमा सहभागी भएपछि उनीहरूले मुख्यमन्त्री कार्कीलाई राजीनामा बुझाएका हुन् ।*

*कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार कांग्रेस २०८१ भदौ २८ गते कोशी प्रदेश सरकारमा सहभागी भएको थियो । दोस्रो पटक मन्त्रिपरिषद् पुनर्गठन हुँदा २०८२ पुस २२ गते उनीहरु मन्त्री नियुक्त भएका थिए । केन्द्रमा एमाले र नेपाली कम्युनिष्ट पार्टीबीच नयाँ राजनीतिक सहकार्यका लागि साउन*

बाँकी ४ पेजमा ▸▸

# देउवाको स्वागतमा नेता कार्यकर्ता काठमाडौंमा

दमक/ नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई स्वागत गर्न सुदूरपश्चिमका विभिन्न जिल्लाबाट ठूलो संख्यामा कांग्रेस नेता-कार्यकर्ता काठमाडौं आएका छन् ।

नेपाल त रुण दल कञ्चनपुरका अध्यक्ष महेशबहादुर चन्दको नेतृत्वमा नेता-कार्यकर्ता बुधबार धनगढीबाट विमानमार्फत काठमाडौं आएका हुन् । देउवा करिब एक वर्षपछि सार्वजनिक कार्यक्रममा सहभागी हुन काठमाडौं फर्किन लागेकाले स्वागतका लागि नेता-कार्यकर्ता काठमाडौं आएको बताइएको छ । धनगढी विमानस्थलबाट काठमाडौं प्रस्थान गर्नुअघि नेता-कार्यकर्ताले 'शेरबहादुर देउवा जिन्दावाद' लगायतका नारा लगाएका थिए ।

नेपाली कांग्रेस अछामका जिल्ला सदस्य तथा सुदूरपश्चिम युवा परिषद्का कार्यकारी सदस्य पृथ्वीबहादुर शाहले नेता-कार्यकर्ताले भरिएको विमान काठमाडौं आएको बताए । उनका अनुसार देउवाको स्वागतका लागि सुदूरपश्चिमका प्रायः सबै जिल्लाबाट नेता-कार्यकर्ता काठमाडौं आइरहेका छन् । स्वागत टोलीमा खेलकुद परिषद्का सदस्यसचिव लोकबहादुर खड्का 'रवि', बझाङको छबिसपाथिभेरा गाउँपालिकाका कांग्रेस सभापति पाण्डपबहादुर

बाँकी ४ पेजमा ▸▸

## लागूऔषधसहित एक पक्राउ

**दमक/** दमकमा लागूऔषध ब्राउन सुगरसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा दमक-२ का २९ वर्षीय सन्तोष थापा रहेका छन् । प्रहरीका अनुसार थापाले लागूऔषध कारोबार गरिरहेको सूचनाका आधारमा सोमबार राति इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायव निरीक्षक खगेन्द्र डाँगीको नेतृत्वमा सादा पोशाकमा प्रहरी टोली परिचालन गरिएको थियो ।

प्रहरीले थापाको कोठामा तलासी गर्दा प्लास्टिकसहित १० ग्राम ९२० मिलिग्राम र प्लास्टिकबाहेक ६ ग्राम १७० मिलिग्राम ब्राउन सुगर बरामद गरेको जनाएको छ । यस्तै, डिजिटल तराजु र नगद १४ हजार ५०० रुपैयाँसमेत फेला परेको प्रहरीले जनाएको छ । थापालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बलात्कारका आरोपित काँकडभिट्टाबाट पक्राउ

**काँकडभिट्टा/** जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी ४७ वर्षीय प्रवेक डंगोललाई झापा प्रहरीले काँकडभिट्टाबाट पक्राउ गरेको छ ।

ललितपुर महानगर पालिका-१६ का डंगोललाई मेचीनगर नगरपालिका-६ स्थित काँकडभिट्टा बसपार्कबाट साउन २६ गते दिउँसो पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार डंगोलमाथि ३२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको आरोप छ। गत फागुन २५ गते राति मेचीनगर-१३ चारआलीस्थित ओझा होटलमा घटना भएपछि उनी फरार रहेको प्रहरीले जनाएको छ ।

# 'युवा नेतृत्व आएर मात्रै उपलब्धि हुँदैन'



**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले युवा नेतृत्व सरकारमा आउनु मात्रै उपलब्धि नभएको भन्दै त्यसलाई नागरिकले अनुभूति गर्ने परिणाममा बदल्नुपर्ने बताएका छन् ।

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा बोल्दै लामिछानेले सरकारको नेतृत्वमा आएको चार महिना बितिसक्दा पनि नागरिकका आवाज र असन्तुष्टि उस्तै रहेको बताए । माइतीघरमा अझै भीडभाड देखिनु चिन्ताको विषय भएको उनको भनाइ थियो ।

'हामी चार महिनादेखि सरकारको नेतृत्व गरिरहेका छौं । तर आवाजहरु उस्तै देखिएका छन् । म माइतीघरमा अझै पनि भीडभाड देखिरहेको छु,' उनले भने, 'आशा मरेर हो कि बानी परेर हो, मैले छुट्याउन सकेको छैन । बानी परेको पो हो कि भनेर चिन्ता लागेको छ ।'

लामिछानेले चार महिनामै सबै परिणाम खोज्ने प्रवृत्तिबाट पनि सचेत हुनुपर्ने बताए । नागरिकलाई निराश बनाउने अवस्था दोहोरिँदै गएमा सरकारप्रति विश्वास कायम राख्न कठिन हुने उनको भनाइ थियो ।

उनले युवा सांसद तथा मन्त्रीहरूलाई प्राप्त जिम्मेवारीलाई पदमा रमाउने अवसरका रूपमा नभई गम्भीर जिम्मेवारीका रूपमा लिन आग्रह

बाँकी ४ पेजमा ▸▸

# आम्दा भ्रमणले बदलिएको सपना



***दमक/*** *जापानमा 'डाक्टर बन्ने सपना' बोकेर अध्ययन गरिरहेका चार विद्यार्थी नेपाल आए । तर, उनीहरूको नेपाल भ्रमण घुमफिरमा मात्र सीमित रहेन । दमकस्थित आम्दा अस्पतालसहित विभिन्न स्वास्थ्य संस्थाको अवलोकन गर्दै उनीहरूले नेपाली स्वास्थ्य सेवा, अस्पतालको अवस्था र स्वास्थ्यकर्मीको सेवाभावलाई नजिकबाट बुझ्ने अवसर पाए । नेपाल भ्रमणपछि उनीहरूको निष्कर्ष छ–'हाम्रो लक्ष्य झन् फराकिलो बन्यो ।'*

*जापानको आम्दा जुनियर एन्ड हाई स्कुलमा अध्ययनरत १५ वर्षीय रूसेका सर्जन बन्ने सपना बोकेका विद्यार्थी हुन् । आम्दा जापानको 'क्लब' कार्यक्रमअन्तर्गत ६० विद्यार्थीमध्ये छनोट भएर नेपाल आएका उनले दमकस्थित आम्दा अस्पतालमा चिकित्सक र स्वास्थ्यकर्मीले सीमित स्रोतसाधनका बीच बिरामीलाई दिइरहेको सेवा प्रत्यक्ष अवलोकन गरे । चिकित्सकको आत्मविश्वास र सेवाप्रतिको समर्पणबाट प्रभावित भएका रूसेकाको सर्जन बन्ने सपना नेपाल आएपछि अझ बलियो बनेको छ ।*

*त्यस्तै, जापानमै हाई स्कुलको तेस्रो वर्षमा अध्ययनरत हिनो हिहासाई नर्सिङ मिडवाइफ बन्न चाहन्छिन् । नेपाल भ्रमणका क्रममा महिलाले भोगिरहेका स्वास्थ्यसम्बन्धी समस्या, अस्पतालमा नर्सले निर्वाह गरिरहेको भूमिका र बिरामीसँग स्वास्थ्यकर्मीले गर्ने व्यवहारलाई उनले नजिकबाट नियालिन् । सीमित स्रोतसाधनका बीच पनि नेपाली स्वास्थ्यकर्मीले गरिरहेको सेवाले उनलाई प्रभावित बनाएको छ । आम्दा जापानले विभिन्न देशमा सञ्चालन गर्दै आएको स्वास्थ्य तथा शैक्षिक कार्यक्रमअन्तर्गत नेपाललाई महत्वपूर्ण गन्तव्यका रूपमा लिँदै आएको छ ।*

बाँकी ४ पेजमा ▸▸

**सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को शेयरधनी सदस्यहरुमा**

**सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

आदरणीय शेयरधनी महानुभावहरु,

उपरोक्त सम्बन्धमा यस **सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., दमक-६** को मिति २०८२/०४/१० गते आइतवारका दिन बसेको सञ्चालक समिति बैठकको निर्णय अनुसार एकाइगत रुपमा वार्षिक साधारणसभा कार्यक्रम गर्नुपर्ने भएकोले संस्थाको **सत्रौं वार्षिक साधारणसभा** निम्न लिखित तालिका सहितको समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

| क्रस | मिति | विवरण | स्थान |
|---|---|---|---|
| १ | २०८३।०६।२ गते शुक्रबार | समुद्घाटन सत्र, दमक वाड नं. ४,८,९ का शेयर सदस्यहरु | संस्थाको सभाहल दमक-६ |
| २ | २०८३।०६।४ गते आइतबार | दमक वार्ड नं. ६,१० का शेयर सदस्यहरु | संस्थाको सभाहल दमक-६ |
| ३ | २०८३।०६।६ गते मंगलबार | दमक वार्ड नं. १,५,७ का शेयर सदस्यहरु | संस्थाको सभाहल दमक-६ |
| ४ | २०८३।०६।८ गते बिहिबार | दमक वार्ड नं.२,३, कमल गा.पा.साथै अन्य पालिकाका शेयर सदस्यहरु | संस्थाको सभाहल दमक-६ |
| ५ | २०८३।०६।९ गते शुक्रबार | माइन्युट प्रमाणिकरण तथा समापन कार्यक्रम | संस्थाको सभाहल दमक-६ |

**साधारणसभाका प्रस्तावहरु :-**
**सभा शुरु हुने समय: विहान १०:३० बजेदेखि ५ बजेसम्म**

१. सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व.२०८२/०८३ बार्षिक प्रगती प्रतिवेदन सम्वन्धमा ।
२. संस्थाको आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने सम्बन्धमा ।
३. संस्थाका आ.व. २०८२/०८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत एवम् छलफल गर्ने सम्बन्धमा ।
४. चालु आ.व. २०८३/०८४ को प्रस्तावित नीति, कार्यक्रम, बजेट माथि छलफल गर्ने सम्बन्धमा ।
५. चालु आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. आन्तरीक निति तथा कार्यविधि पारित गर्ने सम्बन्धमा ।
७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।
८. सञ्चालक समितिको बैठकको निर्णयहरुको अनुमोदन सम्वन्धमा ।
९. विनियम संशोधन तथा पारित सम्वन्धमा ।
१०. संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
११. ईकाइ साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधी छनौट गर्ने सम्वन्धमा ।
१२. अन्तिम माइन्युट प्रमाणिकरण गर्न प्रतिनिधी छनौट गर्ने सम्वन्धमा ।
१३. विविध ।

**राजकुमार खड्का**
नि. व्यवस्थापक
सञ्चालक समितिको आज्ञाले

**सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, (नगरपालिका रोड) झापा

# सम्पादकीय

## चुल्होको आगोसँग सचेत रहौं

खाना पकाउने एलपी ग्यास कुनै विलासिताको वस्तु होइन, नेपाली नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको अत्यावश्यक उपभोग्य वस्तु हो । त्यसैले बजारमा ग्यासको अभाव देखिनु केवल एउटा व्यापारिक समस्या होइन, यो आम उपभोक्ताको दैनिकी, स्वास्थ्य र जीवनयापनसँग जोडिएको गम्भीर विषय हो । दमकमा पछिल्लो समय देखिएको ग्यास अभाव र त्यसपछि नगरपालिकाले थालेको अनुगमन तथा सरोकारवालासँगको छलफलले आपूर्ति प्रणालीप्रति गम्भीर प्रश्न खडा गरेको छ । ग्यास उद्योगदेखि डिलर र डिलरदेखि उपभोक्तासम्म पुग्ने क्रममा कहाँ समस्या भइरहेको छ भन्ने स्पष्ट हुनुपर्छ । उद्योगले पर्याप्त ग्यास नदिएको हो भने उद्योग जिम्मेवार हुनुपर्छ । डिलरले प्राप्त ग्यास लुकाएर कृत्रिम अभाव सिर्जना गरेको हो भने त्यस्ता व्यवसायीमाथि कारबाही हुनुपर्छ । पहुँच र दबाबका आधारमा ग्यास वितरण भइरहेको हो भने त्यसको छानबिन हुनुपर्छ । तर समस्या जहाँ छ, त्यहाँ कारबाही नगरी उपभोक्तालाई मात्र ‘आवश्यकताअनुसार प्रयोग गर्न’ आग्रह गर्नु न्यायोचित हुँदैन ।

अझ गम्भीर कुरा त, ग्यास व्यवसायी स्वयंले उद्योगबाट अपेक्षित मात्रामा ग्यास नआएको र कतिपय अवस्थामा पहुँचका आधारमा ग्यास उपलब्ध गराउन दबाब आउने गरेको बताएका छन् । यदि यस्तो अवस्था वास्तवमै छ भने यो सामान्य बजार व्यवस्थापनको कमजोरी मात्र होइन, आपूर्ति प्रणालीभित्र रहेको संरचनागत समस्याको संकेत हो । त्यसको वास्तविकता सार्वजनिक गरिनुपर्छ । स्थानीय तहले अनुगमन गर्ने निर्णय गर्नु सकारात्मक कदम हो । तर अनुगमन केवल केही दिन बजारमा पुगेर सिलिण्डर गन्ने र व्यवसायीलाई निर्देशन दिने औपचारिकतामा सीमित हुनु हुँदैन । उद्योगले कति ग्यास पठायो, कुन डिलरले कति प्राप्त गर्‍यो, कति बिक्री भयो र उपभोक्ताले कति मूल्यमा पाए भन्ने तथ्यांक पारदर्शी हुनुपर्छ । आवश्यक परे वितरणको सम्पूर्ण शृंखलाको अभिलेख सार्वजनिक गर्ने व्यवस्था गरिनुपर्छ ।

त्यसैगरी, ग्यास उद्योगले डिलरबाहेक अनधिकृत व्यक्तिलाई ग्यास उपलब्ध गराएको पाइएमा कारबाहीका लागि सिफारिस गर्ने निर्णय पनि कार्यान्वयनमै देखिनुपर्छ । निर्णय गर्ने तर कारबाही नगर्ने प्रवृत्तिले कालोबजारीलाई झन् प्रोत्साहन गर्छ । कानुन सबैका लागि समान रुपमा लागू हुन्छ भन्ने अनुभूति उपभोक्ताले गर्न सक्नुपर्छ ।

ग्यासको अभाव हुँदा सबैभन्दा बढी मारमा पर्ने वर्ग पनि विचारणीय छ । डेरामा बस्ने विद्यार्थी, ज्येष्ठ नागरिक, बिरामी तथा न्यून आय भएका परिवारका लागि ग्यासको अभाव भनेको केवल केही दिनको असुविधा होइन । वैकल्पिक इन्धन महँगो पर्न सक्छ, समय र श्रम थपिन्छ र दैनिक जीवन नै अस्तव्यस्त हुन्छ । त्यसैले अत्यावश्यक वस्तुको आपूर्तिमा सरकारका तीनै तहले संवेदनशीलता देखाउन आवश्यक छ । उपभोक्ताले पनि अनावश्यक रुपमा ग्यास सञ्चय गर्नु हुँदैन । तर उपभोक्तालाई जिम्मेवार बनाउने नाममा आपूर्ति प्रणालीको कमजोरी ढाकछोप गर्न मिल्दैन । कृत्रिम अभाव सिर्जना गर्ने, लुकाएर राख्ने, पहुँचवालालाई प्राथमिकता दिने वा बढी मूल्य असुल्ने प्रवृत्तिविरुद्ध राज्यले कठोर कदम चाल्नुपर्छ ।

दमकमा सुरू भएको अनुगमनलाई एउटा अस्थायी अभियानका रुपमा होइन, दीर्घकालीन आपूर्ति व्यवस्थापनको सुरूवातका रुपमा लिनुपर्छ । उद्योग, आपूर्तिकर्ता, डिलर, व्यवसायी, प्रशासन, स्थानीय तह र उपभोक्ताबीच स्पष्ट जिम्मेवारी निर्धारण गरिनुपर्छ । बजारमा ग्यास छ भने उपभोक्ताले सहज रुपमा पाउनुपर्छह्य छैन भने किन छैन भन्ने तथ्य राज्यले सार्वजनिक गर्नुपर्छ । अन्ततः ग्यास अभावको समाधान भाषण, बैठक र निर्देशनले मात्र हुँदैन । आपूर्ति प्रणाली पारदर्शी, वितरण न्यायपूर्ण र अनुगमन प्रभावकारी हुनुपर्छ । अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सिर्जना गरेर सर्वसाधारणलाई दुःख दिने जोसुकै भए पनि कानुनी कारबाहीको दायरामा आउनुपर्छ । उपभोक्ताको चुल्हो बलिरहनु सरकार र बजार दुवैको साझा जिम्मेवारी हो । त्यो चुल्हो निभ्ने अवस्था आउन नदिन अब निर्णयभन्दा बढी दृढ कार्यान्वयन आवश्यक छ ।

# ‘सद्भाव जोगाउने जिम्मेवारी प्रहरीको मात्रै होइन’



✍ दानबहादुर कार्की
महानिरीक्षक, नेपाल प्रहरी

**सुनसरीजस्ता घटनामा अन्ततः सडकमा देखिने राज्यको अनुहार प्रहरी नै हो । तनाव बढ्दा प्रहरी अग्रमोर्चामा हुन्छ । भीड नियन्त्रण गर्नुपर्छ, सम्भावित हिंसा रोक्नुपर्छ र कानुन कार्यान्वयन गर्नुपर्छ । त्यस क्रममा प्रहरीमाथि गालीगलौज, आरोप वा दुर्व्यवहार हुन सक्छ । महानिरीक्षक कार्कीले प्रहरी पेसाको यही कठिन पक्षलाई स्वीकार गर्दै आलोचना र गालीलाई व्यक्तिगत अपमानका रुपमा नलिई जिम्मेवारी पूरा गर्नुपर्ने बताएका छन् ।**

सुनसरीमा पछिल्लो समय देखिएको घटनाक्रमले नेपालको सामाजिक संरचनाको एउटा संवेदनशील पक्षलाई फेरि सतहमा ल्याइदिएको छ- हाम्रो समाजको शान्ति र सद्भाव कति बलियो छ, र त्यसलाई कमजोर बनाउन कति सानो उत्तेजनाले पनि भूमिका खेल्न सक्छ भन्ने प्रश्न । धार्मिक तथा सामाजिक विषयसँग जोडिएका संवेदनशील घटना एक ठाउँबाट अर्को ठाउँमा फैलिन थालेपछि त्यसले केवल स्थानीय शान्ति सुरक्षालाई चुनौती दिँदैन, नागरिकबीचको विश्वास र सहअस्तित्वमै असर पार्न सक्छ ।

सुनसरीबाट पश्चिमतर्फ फैलिन खोजेको घटनाक्रमलाई नेपाली समाजको शान्तिप्रतिको चाहना र विभिन्न पक्षको संयमताका कारण समयमै रोक्न सकियो । तर घटनाले एउटा गम्भीर प्रश्न भने छाडेको छ-यस्ता परिस्थितिलाई हरेकपटक सुरक्षा संयन्त्रको सक्रियताले मात्र रोक्ने कि समाजमै त्यसको आधारभूत कारण खोजेर समाधान गर्ने ?

वास्तवमा सामाजिक सद्भाव बिग्रन थालेपछि त्यसलाई नियन्त्रण गर्ने अन्तिम जिम्मेवारी प्रहरीको हुन सक्छ, तर सद्भाव निर्माण गर्ने पहिलो जिम्मेवारी प्रहरीको होइन । त्यो परिवार, समाज, राजनीतिक नेतृत्व, धार्मिक तथा आध्यात्मिक नेतृत्व, सञ्चारमाध्यम, नागरिक समाज र स्वयं नागरिकको साझा जिम्मेवारी हो ।

**उत्तेजना फैलाउन सजिलो, नियन्त्रण गर्न कठिन**

सामाजिक सञ्जालले आज सूचना प्रवाहलाई अभूतपूर्व रुपमा तीव्र बनाएको छ । एउटा घटनाको भिडियो, एउटा अपुष्ट सूचना वा उत्तेजक टिप्पणी केही मिनेटमै हजारौँ मानिससम्म पुग्न सक्छ । त्यसमाथि गलत सूचना, भ्रामक सूचना, ‘डिपफेक’ र ‘हेट स्पिच’ मिसिँदा वास्तविक घटना र त्यसको अतिरञ्जित प्रस्तुतिबीचको सीमा छुट्याउन कठिन हुँदै गएको छ ।

सुनसरीको घटनालाई पनि यही परिवेशमा बुझ्न आवश्यक छ । कुनै धार्मिक वा सामाजिक विषयमा उत्पन्न स्थानीय विवाद जब सामाजिक सञ्जाल र भावनात्मक प्रतिक्रियामार्फत व्यापक बन्न थाल्छ, त्यसले वास्तविक समस्याभन्दा ठूलो संकट सिर्जना गर्न सक्छ ।

यस्तो अवस्थामा तथ्यभन्दा भावना बलियो भयो भने भीडको मनोविज्ञान सक्रिय हुन्छ । अनि कानुन, विवेक र संवादभन्दा आक्रोशले ठाउँ लिन थाल्छ । यही बिन्दुबाट सामाजिक सद्भावको जोखिम सुरू हुन्छ ।

त्यसैले यस्ता घटनामा पहिलो आवश्यकता सत्य तथ्यको पहिचान हो । त्यसपछि जिम्मेवार संवाद र संयमित प्रतिक्रिया । हरेक नागरिकले सामाजिक सञ्जालमा देखेको वा सुनेको विषय तत्काल सत्य हो भनेर विश्वास गर्ने र त्यसैका आधारमा प्रतिक्रिया दिने हो भने समाजलाई शान्त राख्न प्रहरीको मात्र प्रयास पर्याप्त हुँदैन ।

**प्रहरी अन्तिम पर्खाल हो, पहिलो आधार होइन**

महानिरीक्षक कार्कीले प्रहरीको भूमिकालाई स्पष्ट रुपमा कानुन कार्यान्वयन र शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीसँग जोडेका छन् । प्रहरीको काम हिंसा हुन नदिनु, कानुन उल्लङ्घन गर्नेलाई नियन्त्रण गर्नु र नागरिकको जिउधनको सुरक्षा गर्नु हो ।

तर प्रहरीलाई सामाजिक सद्भाव निर्माणको सम्पूर्ण जिम्मेवारी दिनु गलत हुन्छ ।

प्रहरीले भीड नियन्त्रण गर्न सक्छ, उत्तेजक गतिविधि रोक्न सक्छ, कानुन उल्लङ्घन गर्नेलाई कारबाही गर्न सक्छ । तर उसले समाजमा विश्वास, सहिष्णुता र हार्दिकता आदेश दिएर निर्माण गर्न सक्दैन ।

सद्भाव प्रहरीको लाठी वा कानुनको डरले मात्र टिक्ने विषय होइन । त्यो नागरिकको चेतना, संस्कार र पारस्परिक सम्मानबाट निर्माण हुन्छ ।

त्यसैले सुनसरी घटनाबाट सुरक्षा निकायले मात्र होइन, समाजका सबै पक्षले पाठ सिक्न आवश्यक छ ।

**राजनीति जिम्मेवार भए समाज पनि संयमित हुन्छ**

सामाजिक तनावका बेला राजनीतिक नेतृत्वको भूमिका झनै महत्वपूर्ण हुन्छ । राजनीतिक नेतृत्वले नागरिकको भावनालाई उत्तेजित गर्ने कि शान्त पार्ने भन्ने कुराले घटनाको दिशामै प्रभाव पार्छ ।

संवेदनशील धार्मिक वा सामाजिक घटनालाई राजनीतिक लाभका लागि प्रयोग गर्ने प्रवृत्ति बढ्यो भने त्यसको मूल्य समाजले चुकाउनुपर्छ । एउटा समुदायको भावनालाई अर्को समुदायविरूद्ध उक्साउने राजनीति अन्ततः कसैका लागि हितकर हुँदैन ।

त्यसैले यस्ता घटनामा राजनीतिक दल र नेताहरूले तत्काल प्रतिक्रिया दिनुभन्दा पहिले तथ्य बुझ्ने, नागरिकलाई संयमित हुन आह्वान गर्ने र कानुनी प्रक्रियामाथि विश्वास जगाउने भूमिका निर्वाह गर्नुपर्छ ।

राजनीतिक नेतृत्वले ‘हाम्रो पक्ष’ र ‘तिम्रो पक्ष’को विभाजनभन्दा माथि उठेर ‘हाम्रो समाज’को पक्ष लिन सक्नुपर्छ ।

**धार्मिक नेतृत्वको जिम्मेवारी अझ ठूलो**

नेपालको सामाजिक संरचनामा धर्म र संस्कृतिको प्रभाव गहिरो छ । त्यसैले धार्मिक तथा आध्यात्मिक नेतृत्वले पनि आ ँ नो जिम्मेवारीलाई केवल धार्मिक अनुष्ठानमा सीमित राख्नु हुँदैन ।

धर्मले मानिसलाई जोड्ने हो, विभाजित गर्ने होइन । धार्मिक आस्थाका नाममा असहिष्णुता, घृणा वा प्रतिशोधको वातावरण निर्माण हुनु धर्मको मूल भावनाविपरीत हो ।

सुनसरीजस्ता घटनाले धार्मिक नेतृत्वलाई आ ँ नो सामाजिक भूमिकाबारे पुनर्विचार गर्नुपर्ने सन्देश दिएको छ । धार्मिक अगुवाहरूले विवादको समयमा शान्ति, संयम, संवाद र पारस्परिक सम्मानको सन्देश दिन सक्नुपर्छ ।

**देखासिकी र मौलिक पहिचान**

महानिरीक्षक कार्कीले सुनसरी घटनाको सन्दर्भमा नेपाली समाजमा देखासिकीका कारण आ ँ ना मौलिक धार्मिक तथा सांस्कृतिक अभ्यासबाट विचलित हुने प्रवृत्तितर्फ पनि संकेत गरेका छन् ।

यो विषय केवल धार्मिक अनुष्ठानको होइन, सांस्कृतिक आत्मविश्वासको पनि हो ।

विश्वव्यापीकरणले संसारलाई नजिक ल्याएको छ । नयाँ संस्कार, जीवनशैली र विचारसँग परिचित हुनु स्वाभाविक हो । तर नयाँ कुरा ग्रहण गर्दा आ ँ नो समाजको मौलिक चरित्र र सहअस्तित्वको संस्कार हराउनु हुँदैन ।

नेपालको शक्ति नै विविधताबीचको सहअस्तित्व हो । हिमालदेखि तराईसम्म, विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको साझा उपस्थितिले नेपालको पहिचान निर्माण गरेको छ । यही विविधता हाम्रो कमजोरी होइन, बल हो । तर विविधता बल बन्नका लागि त्यसमा पारस्परिक सम्मान आवश्यक हुन्छ ।

**सामाजिक सञ्जाल ः नागरिकको हातमा रहेको ठूलो जिम्मेवारी**

सुनसरी घटनाबाट सिक्नुपर्ने अर्को महत्वपूर्ण पाठ सामाजिक सञ्जालको जिम्मेवार प्रयोग हो ।

आज हरेक नागरिक सूचना उत्पादक र प्रसारक बन्न सक्ने अवस्थामा छ । तर सूचना प्रसार गर्ने क्षमता बढे पनि त्यसको जिम्मेवारीबोध त्यही अनुपातमा बढेको देखिँदैन । एउटा भिडियो कहाँको हो ? कहिलेको हो ? त्यसको सन्दर्भ के हो ? भिडियो सम्पादित हो कि वास्तविक? कसले पोस्ट गरेको हो ?-यी सामान्य प्रश्न नसोची सामग्री सेयर गर्दा त्यसले ठूलो सामाजिक क्षति पुर्‍याउन सक्छ ।

त्यसैले सामाजिक सञ्जालको साक्षरता अब विद्यालयको पाठ्यक्रमदेखि नै सिकाउनुपर्ने विषय बनेको छ । डिजिटल नागरिकता, तथ्य जाँच, अभिव्यक्तिको जिम्मेवारी र घृणात्मक भाषाको असरबारे नयाँ पुस्तालाई सचेत बनाउन आवश्यक छ ।

**‘गाली सहेरै भए पनि’ प्रहरी खरो हुनुपर्छ**

सुनसरीजस्ता घटनामा अन्ततः सडकमा देखिने राज्यको अनुहार प्रहरी नै हो । तनाव बढ्दा प्रहरी अग्रमोर्चामा हुन्छ । भीड नियन्त्रण गर्नुपर्छ, सम्भावित हिंसा रोक्नुपर्छ र कानुन कार्यान्वयन गर्नुपर्छ ।

त्यस क्रममा प्रहरीमाथि गालीगलौज, आरोप वा दुर्व्यवहार हुन सक्छ । महानिरीक्षक कार्कीले प्रहरी पेसाको यही कठिन पक्षलाई स्वीकार गर्दै आलोचना र गालीलाई व्यक्तिगत अपमानका रुपमा नलिई जिम्मेवारी पूरा गर्नुपर्ने बताएका छन् ।

यो प्रहरीका लागि पनि एउटा महत्वपूर्ण आत्मअनुशासनको विषय हो । नागरिकले गलत व्यवहार गरे पनि प्रहरीले कानुन र मर्यादा नाघ्न मिल्दैन । राज्यको शक्ति प्रयोग गर्ने निकाय भएकाले प्रहरीको व्यवहार सधैँ संयमित, निष्पक्ष र नागरिकमैत्री हुनुपर्छ ।

प्रहरीले नागरिकलाई सम्मान गर्ने र नागरिकले प्रहरीको जिम्मेवारी तथा सीमालाई सम्मान गर्ने वातावरण बनाउन सकियो भने सुरक्षा व्यवस्थाप्रतिको विश्वास अझ बलियो हुन्छ ।

**सद्भावको सुरक्षा सामूहिक जिम्मेवारी**

सुनसरी घटनालाई एउटा स्थानीय घटनाका रुपमा मात्र हेर्नु पर्याप्त हुँदैन । यसले हाम्रो समाजमा रहेको संवेदनशीलता, सामाजिक सञ्जालको प्रभाव, राजनीतिक जिम्मेवारी, धार्मिक नेतृत्वको भूमिका र सुरक्षा संयन्त्रको तयारी(यी सबैलाई एकैपटक परीक्षण गरेको छ ।

यस घटनाबाट एउटा स्पष्ट सन्देश लिन सकिन्छ(सामाजिक सद्भाव बिग्रिएपछि प्रहरीलाई अगाडि पठाएर मात्र समस्या समाधान हुँदैन । सद्भाव बिग्रन नदिन समाजका सबै तह पहिले नै जिम्मेवार हुनुपर्छ ।

राजनीतिले संयम सिकाउनुपर्छ । धर्मले सहिष्णुता सिकाउनुपर्छ । शिक्षाले विवेक सिकाउनुपर्छ । सञ्चारमाध्यमले तथ्य प्रस्तुत गर्नुपर्छ । सामाजिक सञ्जाल प्रयोगकर्ताले जिम्मेवारी बुझ्नुपर्छ । नागरिकले कानुनमाथि विश्वास गर्नुपर्छ । अनि प्रहरीले निष्पक्ष र दृढ भएर कानुन कार्यान्वयन गर्नुपर्छ ।

नेपालको पहिचान शान्ति, सहअस्तित्व र विविधताबीचको एकतामा बनेको हो । यही पहिचानलाई जोगाउनु आजको सबैभन्दा ठूलो सुरक्षा चुनौती पनि हो ।

अन्ततः शान्त समाज केवल प्रहरीको उपस्थितिले बन्दैन । प्रहरी आवश्यक पर्दा अग्रमोर्चामा उभिन्छ, तर शान्त समाजको वास्तविक आधार नागरिकको चेतना र व्यवहार हो । त्यसैले सुनसरी घटनाको सबैभन्दा ठूलो पाठ यही हो- सुरक्षा प्रहरीले दिन्छ, तर सद्भाव समाजले आफैँ जोगाउनुपर्छ ।

(महानिरीक्षक कार्कीसँग राष्ट्रिय समाचार समितिका कार्यकारी सम्पादक नारायण न्यौपानेले लिएको अन्तर्वार्ताका आधारमा सम्पादित अंशः)

# रास्वपाद्वारा सांसदलाई तेस्रो पटकको प्रशिक्षण




दमक । संसद्को गरिमा र भूमिकालाई प्रभावकारी बनाउनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तेस्रो पटक सांसदलाई प्रशिक्षण दिन लागिएको छ । रास्वपाले साउन २९-३१ सम्म सांसदहरूका लागि प्रशिक्षण दिने भएको सचेतक क्रान्तिशिखा धितालले जानकारी गराईन ।

धितालका अनुसार ललितपुर गोदावरीस्थित फरेस्टमा प्रशिक्षण कार्यक्रम राखिएको छ । यसअघि दुई पटक दिएको प्रशिक्षण अपुग भएकाले पार्टीले तेस्रो पटक कार्यक्रम राखिएको उनको भनाइ छ । पार्टीको नीतिलाई केन्द्रमा राखेर सांसदहरूको सुझाव अनुसार प्रशिक्षणको कार्यतालिका तय हुने धितालले बताइन् ।

'सिक्ने प्रक्रिया जीवनभर रहिरहनसक्छ । यसपटक सांसदहरूकै सुझाव र आवश्यकता अनुसार प्रशिक्षण कार्यक्रम राखिएको हो । हामीले पार्टीको नीति र संसदमा प्रभावकारी भूमिका खेल्नेगरी प्रशिक्षण दिन्छौँ’, उनले भनिन् ।

यसअघि २०८२ साल चैत ३ र ४ गते ललितपुरको होटेल टुलिप र वैशाख २६ र २७ गते ललितपुरको जावलाखेलमा प्रशिक्षण कार्यक्रम राखिएको थियो ।

# एमाले-नेकपा मोर्चाबन्दीले तीन प्रदेशमा सरकार गठन अन्योलमा

दमक । नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच प्रदेश सरकार गठनका लागि भएको मोर्चाबन्दीपछि तीन प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अन्योलमा परेको छ । गण्डकी र मधेश प्रदेशमा एमाले र नेकपा मिलेर सरकार गठन गर्ने अवस्था नरहेको तथा बागमतीमा पनि बहुमत जुटाउन कठिन देखिएपछि नेकपाले सरकार गठनका लागि धेरै जोडबल नगर्ने नीति लिएको छ ।

नेकपा स्रोतका अनुसार गण्डकी र मधेशमा नयाँ सरकार गठनका लागि धेरै प्रयास नगर्ने प्रस्ताव नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमाले अध्यक्ष केपी शर्मा ओलीसमक्ष समेत राखिसकेका छन् । बागमतीमा भने सम्भव भए सरकार बनाउने र सम्भव नभए त्यसका लागि धेरै दबाब नदिने नेताहरूबीच छलफल भएको स्रोतको भनाइ छ ।

स्रोतले भन्यो, “गण्डकी र मधेशको नयाँ सरकार बनाउन खासै जोडबल नगर्ने भन्ने छ । अहिले बागमतीमा समस्या देखिएको छ । त्यसमा पनि सके बनाउने, नसके छोडिदिने, सरकार बनाउनैपर्छ भनेर नलाग्ने भन्ने छ ।”

मधेश, गण्डकी र बागमती तीनै प्रदेशमा हाल नेपाली कांग्रेसको नेतृत्वमा सरकार छ । मधेश प्रदेशमा भने एमाले, कांग्रेस र नेकपा सहभागी सरकार सञ्चालनमा छ । मधेशकेन्द्रित दललाई बाहिर राखेर बनेको उक्त सरकारमा आगामी दिनमा उनीहरूलाई समेत समेट्ने प्रयास हुनसक्ने नेताहरूले बताएका छन् ।

गण्डकी प्रदेशमा एमाले र नेकपा मिलेर मात्र सरकार गठन गर्न आवश्यक बहुमत पुग्दैन । त्यसैले कांग्रेसका सुरेन्द्रराज पाण्डेले नै मुख्यमन्त्रीका रुपमा निरन्तरता पाउने सम्भावना रहेको बताइएको छ ।

बागमती प्रदेशमा भने एमाले र नेकपा मिल्दा सरकार गठनका लागि आवश्यक बहुमतभन्दा दुई सिट कम हुने अवस्था छ । दुई सिट रहेको हाम्रो नेपाली पार्टी (हानेपा) कांग्रेसको पक्षमा लागिसकेकाले उसले एमाले-नेकपा गठबन्धनलाई समर्थन गर्ने सम्भावना न्यून रहेको नेताहरूको आकलन छ ।

एमाले र नेकपालाई सरकार गठनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को समर्थन आवश्यक पर्ने देखिएको छ । बागमती प्रदेशसभामा १४ सिट रहेको राप्रपाले समर्थन गरे एमाले-नेकपा गठबन्धनले सहजै सरकार गठन गर्न सक्छ ।

तर राप्रपा केन्को नीति कुनै पनि सरकारमा सहभागी नहुने रहेको छ । यद्यपि, प्रदेशसभाका केही सांसद भने सरकार गठनमा सहभागी हुनुपर्ने पक्षमा छन् । राप्रपा संसदीय दलका नेता उद्धव थापासहित केही सांसद सरकार गठनका पक्षमा रहे पनि पार्टीको केन्द्रीय निर्णयका कारण उनीहरूलाई अप्ठ्यारो परेको बताइएको छ ।

यसकारण बागमतीमा समेत एमाले-नेकपाले बहुमत जुटाएर सरकार गठन गर्ने अवस्था सहज देखिएको छैन । तीन प्रदेशमा सरकार गठनको समीकरण जटिल बनेपछि नयाँ सत्ता गठबन्धनको प्रभाव प्रदेश सरकारमा तत्कालै अपेक्षित रुपमा देखिन नसक्ने अवस्था बनेको छ ।

# षडानन्दमा कफीखेती विस्तार, किसानको आम्दानी बढाउने लक्ष्य



भोजपुर । षडानन्द नगरपालिकाले कफीखेती विस्तार तथा व्यावसायीकरणलाई प्राथमिकता दिएसँगै किसानहरू व्यावसायिक कफीखेतीतर्फ आकर्षित हुन थालेका छन् । नगरपालिकाले कफीलाई आयआर्जन, रोजगारी र ग्रामीण अर्थतन्त्र सुदृढीकरणको आधार बनाउने लक्ष्यसहित चालु आर्थिक वर्षमा रू दुई करोड ८९ लाखको परियोजना सञ्चालन गरेको छ ।

नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरेको 'गरिबी निवारणका लागि प्राङ्गारिक कफीखेती विस्तार तथा व्यावसायीकरण परियोजना' अन्तर्गत कफीखेती विस्तार, उत्पादन वृद्धि र बजारसँग किसानलाई जोड्ने कार्यक्रम अघि बढाएको हो । परियोजनामा नगरपालिकाको रू एक करोड ६५ लाख र किसानको लागत साझेदारी रहेको कृषि विकास शाखाले जनाएको छ ।

नगरप्रमुख सुरेन्द्रकुमार उदासका अनुसार नगर क्षेत्रमा करिब पाँच हजार हेक्टरमा कफीखेती गर्न सकिने सम्भावना छ । कृषि क्षेत्रको व्यावसायीकरण, गरिबी न्यूनीकरण र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यले गुणस्तरीय तथा प्राङ्गारिक कफी उत्पादनमा जोड दिइएको उनले बताए ।

"नगरको समृद्धिसँगै आयआर्जनमा टेवा पुऱ्याउने लक्ष्यले कफीखेतीमा जोड दिएका हौं," प्रमुख उदासले भने, "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको अध्ययन गर्दा कफीको सम्भावना निकै राम्रो देखिएको छ । त्यसैले किसानलाई प्रोत्साहन गर्दै लगानी बढाएका हौं ।"

कफीखेती विस्तारका लागि नगरपालिकाले किसानलाई कृषि उपकरण, प्राविधिक सहयोग, बिरूवा तथा तालिम उपलब्ध गराउँदै आएको छ । स्थानीय तहबाट प्राप्त सहयोगले किसानलाई व्यावसायिक रूपमा कफीखेती गर्न थप उत्साहित बनाएको छ ।

षडानन्द नगरपालिका-११ झ्याउपोखरीका किसान देवीराम चौलागाईँले परम्परागत खेतीबाट अपेक्षित आम्दानी नभएपछि वैकल्पिक बालीका रूपमा कफीखेती सुरू गरेका हुन् । उनले अहिले करिब १० रोपनी क्षेत्रफलमा अरबिका जातका एक हजार कफीका बोट लगाएका छन् ।

गत वर्षदेखि व्यावसायिक रूपमा कफीखेती विस्तार गरेका चौलागाईँले योजनाबद्ध रूपमा उत्पादन बढाउँदै लैजाने बताए । अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको माग राम्रो रहेको जानकारी पाएपछि आफू यस खेतीतर्फ आकर्षित भएको उनको भनाइ छ ।

"कफीखेतीमा सुरूमा मिहिनेत धेरै लाग्छ, तर उत्पादन राम्रो भयो भने आम्दानी पनि राम्रो हुन्छ," उनले भने ।

नगरपालिकाको लगानी र प्राविधिक सहयोगसँगै षडानन्द क्षेत्रमा कफीखेती विस्तार हुन थालेपछि अन्य किसानसमेत यसतर्फ आकर्षित भएका छन् । स्थानीय किसानका अनुसार कृषि उपकरण, बिरूवा, तालिम तथा प्राविधिक सहयोगले व्यावसायिक खेती गर्न सहज भएको छ ।

नगरपालिकाले कफीको उत्पादन मात्र बढाउने नभई किसानलाई बजारसँग जोड्ने, गुणस्तरीय उत्पादनमा जोड दिने र कफीलाई दीर्घकालीन आयआर्जनको स्रोत बनाउने लक्ष्य राखेको जनाएको छ ।

स्थानीय तहको लगानी, प्राविधिक सहयोग र किसानको सक्रियता निरन्तर रहे षडानन्दमा कफीखेती ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार बन्न सक्ने देखिएको छ ।

## पुस्तक-साभार
# सफल वक्ता कसरी बन्ने

सं. विनिता पौडेल

## उत्साह

क्रमागत :

उत्साहको आवश्यकता सबै काममा हुन्छ । एक वक्तामा यदि उत्साह छैन भने ओता उसको भाषण सुन्न मनपराउँदैनन् । त्यसैले जब तपाईं भाषण गर्नुहुन्छ, तब तपाईंले यस्तो खालको अभिनय गर्नुपर्छ कि तपाईंको अनुहारको हाउभाउ तथा शब्द उच्चारणबाट थाहा होस् कि तपाई भित्र जोश छ । जब तपाईं एक वक्ताको परिचय मंचमा गराउनु हुन्छ तब तपाईंले धेरै शिष्ट तथा सुन्दर शब्दको प्रयोग गर्नुपर्छ। तपाईं यसमा शब्दलाई यसरी प्रयोग गर्नुस् कि श्रोतालाई लागोस् कि तपाईं धेरै खुशी हुनुहुन्छ । वक्ताको बारेमा केही खास-खास कुरा बताउनुस् र फेरि उत्सुक जनतालाई ती वक्ताको नाम बताइदिनुस्।

जनता जोशका साथ उसको स्वागत गर्नेछन् । श्रोताको यस्तो प्रदर्शन देखेर वक्ता भित्र पनि जोश भरिने छ र ऊ राम्रो भाषण दिने कोसिस गर्ने छ । परिचय दिएपछि जब तपाईं वक्ताको नामको घोषणा गर्नुहुन्छ, तब तपाईंले केही क्षण रोकिनु पर्छ। जस्तो परिचय सकिएको होस् । तपाईं केही क्षणको लागि रोकिनुस् ताकि जनता वक्ताको नाम सुन्नको लागि पूर्ण रूपमा तयार होस् । जब यस्तो हुन्छ तब एकदम जोशका साथ वक्ताको नामको उद्घोषण गरिदिनुस् । एउटा कुरामा विशेष ध्यान दिनुस् जब तपाईं वक्ताको नाम घोषणा गर्नुहुन्छ तब वक्तातिर नहेर्नुस् र ऊ तिर नफर्किनुस् पनि । जबसम्म तपाईंको घोषणाको अन्तिम शब्द जनताको कानमा पर्दैन, तपाईं श्रोतातिर हेरिरहनुस् ।

मैले धेरै मानिस देखेको छु जो अति नै राम्रो परिचयात्मक भाषण दिन्छन्, तर अन्त्यमा उनीहरू आफ्नो अनुहार त्यो वक्तातिर यसरी घुमाउँछन् मानौं श्रोतासँग उसको केही लेन-देन छैन । यसरी एक राम्रो परिचयात्मक भाषण पनि भद्दा लाग्छ ।

यदि वक्ता भित्र जोश छ भने उसले आफ्नो आधा सफलता निश्चित संझनुपर्छ । हर श्रोता एक जोशिलो वक्तालाई मनपराउँछ, जोशिलो ढंगले दिएको एक साधारण भाषण पनि जनताले ध्यानले सुन्नेछन्। एक राम्रो वक्ताले आफ्नो विषय छनौट गर्दा विशेष ध्यान दिनुपर्छ, किनकि यदि विषय उसलाई मनपर्ने खालको भएन भने उसको भाषणमा जोश आउन सक्दैन ।

भाषणको बेलामा केही मानिस आफ्नै बारेमा बोल्न शुरू गर्छन् । यदि तपाईं आफ्नो योग्यताको बारेमा बढाइ चढाइ बोल्नुहुन्छ भने ओता दिक्क हुनेछन्, किनकि यस्तो कसैले पनि मनपराउँदैन । धेरै मानिस आफ्नो फाइदाको लागि यस्तो बोल्ने कोसिस गर्छन् । यस्ता मानिस या त कुनै कम्पनीको मेनेजर हुन्छन् या फेरि यस्तो चीजका उत्पादक हुन्छन्, जुन श्रोताको कामको हुन्छ, तर यसले कुनै विशेष फाइदा हुँदैन । त्यसैले एक राम्रो वक्ताले आफ्नै प्रचार गर्नु शोभा दिदैन। वक्तामा पनि त्यही नियम लागू हुन्छ, जुन बिक्रेतामा लागू हुन्छ । एक वक्ता आफ्नो विचार बेच्छ, जबकि बिक्रेता आफ्नो सामान । त्यसैले हामी जब कुनै विषयमा भाषण गर्छौं तब पहिला हामीले ओताको बारेमा सोच्नुपर्छ। यस बीचमा तपाईं आफ्नो वाक्यलाई तल दिएको तरिकाबाट बनाउन सक्नुहुन्छ तपाईं सहमत हुनुहुन्छ कि तपाईंले यो नतिजा प्राप्त हुनेछ तपाईंलाई थाहा छ कि

**तपाई शब्दको साटो हामी शब्दको प्रयोग पनि गर्न सकिन्छ। जस्तो-**

हामीले राम्रो काम गर्ने प्रयत्न गर्नुपर्छ यदि हुनसक्छ भने हामीले हर वर्ष यस्तै गर्नुपर्छ

जब हामी भाषण गर्नको लागि मंथमा जान्छौ तब अरू कुनै विचार हाम्रो दिमागमा आउनु हुँदैन। हुनसक्छ कि भाषणको कलामा निपुण हुनमा हामीलाई केही समय लागोस् तर पनि हामीले उच्चतम श्रोणीको भाषण दिने प्रयास गर्नुपर्छ । " **क्रमशः....**

## कृषि
# पशुलाई खुवाउने पौष्टिक तत्व 'हे' घरमै कसरी बनाउने ?

*बर्षामा बढी भएका हरियो घाँसपातहरूलाई कलिलो र पौष्टिक तत्व बढी भएको अवस्थामा काटेर त्यसको पौष्टिकतामा नाश नहुने गरी सुकाएर संरक्षण गरिएको घाँसलाई 'हे' भनिन्छ । घाँसमा भएको पौस्टिक तत्वका साथसाथै हरियोपना खेर नजाओस् भन्ने हेतुले छहारीमा सुकाइन्छ ।*

**हे बनाउँदा ध्यान दिनुपर्ने मुख्य कुराहरू**

१. नरम र कमलो डाँठ भएको घाँस छनोट गर्नुपर्ने हुन्छ ।

२. घाँस काट्ने उपयुक्त समय पनि विचार गर्नु पर्दछस चित्रमा देखाएजस्तै ५० देखि ८० प्रतिशत फूल लागेपछि काट्न उपयुक्त हुन्छ यसले उच्च पौष्टिकतामा अधिकतम उत्पादन पनि दिन्छ । काटेको घाँसलाई छायाँमा सुकाउने र सुरक्षितसाथ थन्काउनु पर्दछ । राम्रो हे बाहिरबाट हेर्दा हरियो, नरम, पातको मात्रा धेरै भएको तर पानीको मात्रा १५ देखि १७ प्रतिशतभन्दा कम भएको हुनु पर्दछ ।

**हे को फाइदाहरू**

- हिउँद महिनामा घाँसपातको अभाव हुने बेला घाँसको कमीलाई पुरा गर्न सकिन्छ ।
- गाई वस्तुले सुख्खा याममा हरियो घाँसको अभावमा दुब्लाउने भएकोले सो अवस्थामा सुधार ल्याउन सकिन्छ ।
- दुधालु पशु वस्तुबाट उत्पादित दूधमा कमी आउन दिँदैन जसले गर्दा कृषकले आर्थिक लाभ लिन सकिन्छ ।
- दानामा खर्च हुने रकमलाई बचत गर्न सकिन्छ । जसले यसको उत्पादन लागत कम हुन सक्छ ।

**हे का किसिमहरू**

- कोशे वाली हे : यो कोशे वाली घाँसबाट बनाइन्छ (स्टाइलो, वर्सिम, लुर्सन, क्लोभर आदि) घाँसको प्रयोग हुन्छ ।
- अकोशेवाली हे : यो अकोशेवाली घाँसबाट तयार गरिन्छ (जै, पारा, राइग्रास, कक्सफुट आदि) ।
- मिश्रित हे : यसमा कोशे वाली तथा अकोशेवाली दुवै थरी मिलाएर बनाइन्छ ।

**हे बनाउन घाँस काट्ने विधि**

हे बनाउने घाँस जहिले पनि शीत ओभाइसकेपछि मात्र काट्नु पर्दछ । अर्थात् घाम लागेको दिनमा मात्र घाँस काट्नु पर्छ । घाँस काटेर छरेर राखिनु हुँदैन नत्र सुक्ने सम्भावना हुन्छ, त्यसैले घाँसलाई पाँजा बनाएर राख्नु पर्दछ । पाँजा राखिने ठाउँ चिसो हुनु हुँदैन ।

**हे बनाउनका लागि घास काट्ने अवस्था**

घाँसमा एक तिहाई वा आधी जति फूल फुली सकेको हुनु पर्दछ । कलिलो घाँसको हे बनाउँदा प्रोटिन बढी त हुन्छ तर रेसादार पदार्थ कम हुन जान्छ जसले गर्दा गाई भैंसी आदिले पेट भरी खान धेरै हे को आवश्यकता पर्दछ ।

**हे बनाउनका लागि उपयुक्त घाँस**

गुणस्तरीय हे बनाउन कोसे घाँस र पौष्टिक घाँस हुनु जरुरी छ, जसले गर्दा हे मा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन र मिनरल उपलब्ध हुन्छ ।

**हे बनाउने समय**

- हे बनाउँदा घाम राम्ररी लागेको हुनु पर्छ । हावामा चिस्यानको मात्रा बढी भएमा हे को गुणमा असर पर्ने भएकोले असल हे बनाउन सकिँदैन ।
- हे बनाउन घाँस राम्ररी सुकाउनु पर्छ, तर घाँसलाई रुखको छहारी अथवा कुनै छहारी भएको ठाउँमा तीन चार दिनसम्म पल्टाई पल्टाई सुकाउनु पर्छ ।

**असल हे को गुणहरू**

- हे जहिले पनि हरियो रङ्गको, पात सहित हुनु पर्छ । यदि हे हरियो छ भने यसले हे मा पौष्टिक पदार्थ बढी मात्रामा भएको सङ्केत दिन्छ ।
- हे नरम र स्वादिलो हुनु पर्छ पशु वस्तुले मन पराउने हुनुपर्छ ।
- हे मा प्रोटिन (४-१०)प्रतिशत, भिटामिन, मिनरलको र सुख्खा पदार्थ (८०-९०)प्रतिशत उपयुक्त मात्रामा हुनुपर्छ ।
- हे मा धुलो र ढुसी परेको हुनुहुँदैन ।
- अनावश्यक झारपात भएको हुनुहुँदैन ।
- हे को बास्ना मन पर्ने खालको हुनुपर्छ ।
- हे मा पाच्य पदार्थ ५०-५५ प्रतिशत सम्म हुनुपर्छ ।

## सामान्यज्ञान

१) विश्वको सबैभन्दा कडा प्राकृतिक काठ कुन हो ? लिग्नम भिटे

२) विश्वमा सबैभन्दा बढी उत्पादन हुने अन्नबाली कुन हो ? मकै

३) एउटा जिन्स उत्पादन गर्न औसतमा करिब कति लिटर पानी आवश्यक पर्छ ? ७,५०० लिटर

४) भू-जल निकाल्न प्रयोग गरिने परम्परागत संरचना कुन हो ? इनार

५) उत्तर ध्रूवमा उभिएको व्यक्तिले जुनसुकै दिशामा हिंड्दा कुन दिशातर्फ जान्छ ? दक्षिण

६) संसारकै सबैभन्दा ठूलो एकल फूल कुन हो ? राफ्लेसिया

७) गुलेलीमा प्रक्षेपण शक्ति उत्पन्न गर्ने मुख्य पदार्थ कुन हो ? रबर

८) आँखामा प्रकाशको मात्रा नियन्त्रण गर्ने रङ्गीन भाग कुन हो ? आइरिस

९) एउटा वयस्क मानिसको एउटा हातमा कति वटा हयी हुन्छ ? २७

१०) संसारकै सबैभन्दा ठूलो बाँदर कुन हो ? म्यान्ड्रिल






## स्वास्थ्य
# किन लाग्छ रिंगटा ?

हामीलाई कहिलेकाहीँ बसिरहँदा वा हिँडिरहँदा घुमाइरहे जस्तो महसुस हुने, हल्लाएजस्तो हुने हुन सक्छ। यस्तो कसैलाई कहिलेकाहीँ हुन्छ भने कसैलाई निरन्तर दोहोरिएको पनि हुन सक्छ। जब तपाईंको दिमागमा नियमित मात्रमा रगत सञ्चालन हुन सक्दैन त्यतिवेला रिंगटा लागेको महसुस हुन्छ।

**कारण**

कानमा शरीरलाई सन्तुलन राख्ने नसा हुन्छ। उक्त नसामा समस्या भए रिंगटा लाग्छ सक्छ । आँखाको समस्याका कारण पनि रिंगटा लाग्न सक्छ । रिफ्लेक्टिभ पावरको सन्तुलन नमिलेर कम वा बढी भयो भने रिंगटा लाग्न सक्छ । कुनै कारण मस्तिष्कमा रगत जम्न गयो भने पनि रिंगटा लाग्न सक्छ। यस्तै, उच्च रक्तचाप वा कम रक्तचाप हुँदा पनि दिमागमा रगतको प्रवाहमा असर पुग्छ, जसका कारण रिंगटा लाग्ने हुन्छ । मुटुको धड्कन कम हुँदा वा रगत सर्कुलेसन नियमित नहुँदा वा मुटुले रगत पम्प गर्न नसेकमा पनि हुन्छ । शरीरमा कडा खालको दुखाइ भएमा पनि हुन्छ । शरीरमा ग्लुकोजको मात्रा कम भएमा वा बढी पनि हुन सक्छ। एक्कासी धेरै तातो ठाउँमा बस्दा वा हिँड्दा पनि रिंगटा लाग्छ।

यसबाहेक खानपानमा कमी, झाडापखाला, बान्ता, उच्च ज्वरो, धेरै गर्मी हुँदा पानी पिउने वा बढी काम गर्दा पनि शरीरमा पानीको मात्रा कम भई रिंगटा लाग्छ।

**जटिल अवस्था के लाई मान्ने ?**

- ♦ टाउको दुखेर रिंगटा लागेमा।
- ♦ बारम्बार रिंगटा लागिरहे वा लामो समय लागिरहेमा।
- ♦ सुन्ने शक्ति र दृष्टिमा फरक परेमा।
- ♦ हातखुट्टा कमजोर भएको महसुस भएमा।
- ♦ सामान्य मानिस सहयोगविना हिँड्न नसकेमा।
- ♦ छाती दुख्ने, सास फेर्न गाह्रो हुने भएमा। टाउँको चोट लागेमा, छारेरोग, घाँटी कडा हुने समस्या भएमा।

**रिंगटा लागे के गर्ने ?**

- ✎ आराम गरेर बस्ने, हलचल नगर्ने।
- ✎ शारीरिक अवस्था चाँडोचाँडो परिवर्तन नगर्ने।
- ✎ बढी चम्किलो प्रकाशमा नहेर्ने।
- ✎ नजिकै रहेको कुनै पनि चिजको सहायता लिने समाउने।
- ✎ शारीरिक सन्तुलनका लागि खानपानलाई सन्तुलित बनाउने।
- ✎ बारम्बार रिंगटा लाग्छ भने बसेर उठ्दा नजिकैको चिज समातेर उठ्ने।
- ✎ सुतेर उठ्दा पहिले बिस्तारै बस्ने र एकछिन आराम गरेर मात्र उठ्ने।
- ✎ अचानक उठ्ने, बस्ने वा शरीरको स्थिति परिवर्तन नगर्ने, रिंगटा लाग्ने समस्या छ भने मेसिनरी सामग्रीको नजिक रहेर काम नगर्ने। जस्तै ड्राइभिङ, पौडी नखेल्ने।
- ✎ रिंगटा लाग्ने धेरै कारण भएकाले पहिले कारण पत्ता लगाएर त्यसको उपचार गर्नुपर्छ ।

## दैनिक राशिफल

आज मिति २०८३ साल साउन २८ गते बिहीबार 13 Aug. 2026 तिथि: प्रतिपदा



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा उत्साह। धन लाभ । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सबल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | परिवारमा सुख । मानसम्माको योग । |
| तुला | | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# मृतक रविन्द्रलाई घरबाट शवयात्रा पूरा गरी अन्त्येष्टि



*इनरुवा । प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर मृत्यु भएका रवीन्द्र मेहताको शव बुधबार बिहान हेलिकोप्टरमार्फत सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्ज ल्याइएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा राखिएको शव बिहान करिब १०:२० बजे कप्तानगन्ज ल्याइएको हो । शव घरमा पुऱ्याएपछि परिवार, आफन्त तथा स्थानीयले श्रद्धाञ्जली अर्पण गरेका थिए । त्यसपछि हरिनगर र देवानगन्ज क्षेत्रमा शवयात्रा निकालिएको छ ।*

*शवयात्रापछि रवीन्द्रलाई गोली लागेकै स्थानमा लगेर अन्त्येष्टी गरिएको परिवारिक स्रोतले जानकारी दिएको छ । गत साउन १० गते कप्तानगन्जमा दुई पक्षबीच भएको झडपका क्रममा प्रहरीको गोली लागेर गम्भीर घाइते भएका रवीन्द्रको काठमाडौंमा उपचारका क्रममा मृत्यु भएको थियो । सहिद घोषणा र दोषीमाथि कारबाहीको माग गर्दै आफन्तले शव बुझ्न अस्वीकार गरेपछि उनको शव केही समयदेखि शिक्षण अस्पतालमै राखिएको थियो ।*

**झापामा......**कार्यालयको अभिलेखअनुसार विसं २०६७ मा दुई, २०६८ मा सात, २०६९ मा सात, २०७० मा तीन, २०७१ मा दुई, २०७२ मा चार, २०७३ मा पाँच, २०७४ मा पाँच, २०७५ मा एक, २०७६ मा एक, २०७७ मा पाँच, २०७८ मा पाँच, २०७९ मा पाँच, २०८० मा आठ, २०८१ मा चार र २०८२/८३ मा हालसम्म छ जनाको मृत्यु भएको छ । मानव-हात्ती द्वन्द्वको असर मानिसमा मात्र नभई हात्तीमा समेत परेको प्रमुख यादवले बताए । उनका अनुसार विसं २०६२ देखि हालसम्म मानव-हात्ती द्वन्द्वका क्रममा २८ वटा जङ्गली हात्ती मारिएका छन् । सबैभन्दा बढी २०८२ सालमा मात्रै छ वटा हात्ती मरेका उनले जानकारी दिए । वन क्षेत्रको अतिक्रमण, मानव बस्तीको विस्तार, कृषिबालीतर्फ हात्ती आकर्षित हुनु तथा परम्परागत हात्ती मार्ग अवरुद्ध हुँदै जानु द्वन्द्व बढ्नुका प्रमुख कारण रहेको यादवले बताए । द्वन्द्व न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायसँगको समन्वयमा सचेतनामूलक कार्यक्रम, निगरानी तथा उद्धारका गतिविधि सञ्चालन भइरहेको उनले जानकारी दिए ।

मानव र हात्ती दुवैको सुरक्षाका लागि दीर्घकालीन रूपमा हात्तीको परम्परागत आवागमन मार्ग संरक्षण, बासस्थान व्यवस्थापन तथा जोखिमयुक्त क्षेत्रमा प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**देउवाको....**थापालगायत नेता-कार्यकर्ता सहभागी छन् । देउवा लामो समयपछि सार्वजनिक कार्यक्रममा सहभागी हुन काठमाडौं फर्किन लागेकाले उनको स्वागतका लागि सुदूरपश्चिमबाट नेता-कार्यकर्ताको उल्लेख्य उपस्थिति देखिएको कांग्रेस नेताहरूले बताएका छन् ।

**हात्तीको......**आहार र मानिसको गतिविधिअनुसार द्वन्द्वको स्वरूपसमेत फरक हुने गरेको छ । नेपालमा हात्तीको संख्या ठूलो नभए पनि उनीहरूलाई जीवनचक्र पूरा गर्न ठूलो भौगोलिक क्षेत्र आवश्यक पर्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको हात्ती संरक्षण कार्ययोजना २०२५-२०३५ अनुसार नेपालमा करिब २३० वटा जङ्गली हात्ती रहेको अनुमान छ । ती हात्ती पूर्वी र पश्चिमी नेपालका दुई छुट्टाछुट्टै तथा खण्डित भू-परिदृश्यमा रहेका छन् । हात्ती एउटा जंगलभित्र मात्र सीमित भएर बस्ने वन्यजन्तु होइन । खाना, पानी, प्रजनन र सुरक्षित बासस्थानको खोजीमा लामो दूरीसम्म आवतजावत गर्ने भएकाले उनीहरूका लागि जंगललाई जोड्ने करिडोर अत्यन्त महत्वपूर्ण हुन्छन् । तर वन क्षेत्रको खण्डीकरण, बस्ती विस्तार, कृषि क्षेत्र बढ्नु, सडक तथा अन्य पूर्वाधार निर्माण र मानवीय गतिविधि विस्तारका कारण हात्तीका परम्परागत मार्गमा दबाब बढेको छ । बासस्थान र परिदृश्यबीचको सम्पर्क कमजोर हुँदै जानु तथा करिडोर संरक्षण गर्न नसक्नु मानव-हात्ती द्वन्द्वको प्रमुख कारण बन्दै गएको छ ।

नेपाल सरकारले हात्ती संरक्षणका लागि सन् २०२५ देखि २०३५ सम्म लागू हुने दशवर्षे कार्ययोजना अघि सारेको छ । योजनाले हात्तीको बासस्थान तथा करिडोर संरक्षण, मानव-हात्ती द्वन्द्व न्यूनीकरण र स्थानीय समुदायको सहभागितामा आधारित संरक्षणलाई प्राथमिकता दिएको छ । अबको मुख्य चुनौती भनेको योजनालाई व्यवहारमा उतार्नु हो । हात्तीका परम्परागत आवागमन मार्ग पहिचान गरी त्यस्ता क्षेत्रमा अनियन्त्रित बस्ती तथा पूर्वाधार विस्तार रोक्ने, जोखिमयुक्त क्षेत्रमा प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्ने, सुरक्षित विद्युतीय बारलगायत वातावरणमैत्री उपाय अपनाउने र हात्ती बस्तीमा प्रवेश गर्दा मानिसले भिडेर धपाउन नपर्ने व्यवस्था गर्न आवश्यक छ ।

मानव-हात्ती द्वन्द्वमा मानिसले मात्रै क्षति व्यहोरेका छैनन् । करेन्ट, विष, पासो तथा प्रतिशोधका कारण हात्तीसमेत मर्ने गरेका छन् । यसले द्वन्द्वलाई दुवैतर्फ क्षति हुने चक्रमा परिणत गरेको छ । त्यसैले हात्ती संरक्षणको उद्देश्य हात्तीलाई मानिसबाट टाढा राख्नु मात्र नभई मानिस र हात्तीबीच सुरक्षित सहअस्तित्व कायम गर्नु हुनुपर्छ । स्थानीय समुदायलाई संरक्षणको प्रत्यक्ष साझेदार बनाउने, क्षतिको राहत तथा क्षतिपूर्ति प्रणाली प्रभावकारी बनाउने र जोखिम क्षेत्रका बासिन्दालाई समयमै सूचना दिने प्रणाली विकास गर्न सके द्वन्द्व न्यूनीकरण गर्न सकिन्छ । विश्व हात्ती दिवसले यही सन्देश दिएको छ–हात्ती सुरक्षित राख्न जंगल मात्र होइन, हात्ती हिँड्ने बाटो पनि सुरक्षित राख्नुपर्छ । मानिसको ज्यान जोगाउनु र हात्तीको अस्तित्व जोगाउनु परस्पर विरोधी उद्देश्य होइनन् । वैज्ञानिक भूमि व्यवस्थापन, सुरक्षित करिडोर, प्रभावकारी पूर्वसूचना र स्थानीय समुदायको सहभागितामा आधारित संरक्षण प्रणालीबाट मात्रै दुवै पक्षको सुरक्षा सम्भव हुनेछ । त्यसैले आजको हात्ती दिवस उत्सवभन्दा बढी व्यवहारिक प्रतिबद्धताको अवसर बन्न आवश्यक छ ।

## अन्तर्राष्ट्रिय

### कोलम्बिया भूकम्प : मृतकको संख्या २४० नाघ्यो

**झापा/** कोलम्बियामा गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या २४० नाघेको छ । भूकम्पपछि भग्नावशेषमा फसेकाहरूको खोजी तथा उद्धार कार्य जारी रहेकाले मृतकको संख्या अझ बढ्न सक्ने बताइएको छ । गत सोमबार पश्चिमी कोलम्बियामा ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो। भूकम्पबाट काली, पेरेरालगायतका क्षेत्रमा ठूलो क्षति पुगेको छ ।

सरकारी तथ्यांकअनुसार हालसम्म १८१ जनाको मृत्यु पुष्टि भएको छ। तर स्थानीय अधिकारीहरूले संकलन गरेको विवरणसमेत जोड्दा मृतकको संख्या २४० भन्दा बढी पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । भूकम्पमा परी हजारौँ मानिस घाइते भएका छन् भने ठूलो संख्यामा मानिस अझै बेपत्ता छन्। भग्नावशेषमा मानिसहरु फसेको आशंकामा उद्धार टोलीले खोजीलाई तीव्रता दिएको छ । भूकम्पका कारण एक हजारभन्दा बढी घर पूर्णरूपमा भत्किएका छन् भने हजारौँ घरमा क्षति पुगेको जनाइएको छ। प्रभावित क्षेत्रमा उद्धार, उपचार तथा राहतको कामलाई प्राथमिकतामा राखिएको छ । भूकम्पपछि कोलम्बिया सरकारले आपतकाल घोषणा गर्दै प्रभावित क्षेत्रमा उद्धार तथा राहत अभियान सञ्चालन गरिरहेको छ ।

# इन्टरनेट तथा केबल सेवाप्रदायकसँग छलफल

**दमक/** दमक नगरपालिका-६ ले सडक तथा विद्युथका पोलमा अव्यवस्थित रूपमा राखिएका इन्टरनेट तथा केबलका तार व्यवस्थापनका विषयमा सेवाप्रदायकसँग छलफल गरेको छ । वडामा सक्रिय इन्टरनेट तथा केबल सेवाप्रदायकका प्रतिनिधिलाई बोलाएर गरिएको छलफलमा पोलमा जथाभावी झुण्डिएका तथा प्रयोगविहीन तारका कारण देखिएको समस्या र त्यसको व्यवस्थापनका विषयमा छलफल भएको हो ।

छलफलका क्रममा सेवाप्रदायकहरूले सेवा विस्तार तथा मर्मतका क्रममा तार व्यवस्थापनमा देखिएका समस्या र चुनौतीबारे जानकारी गराएका थिए । वडा कार्यालयले भने सार्वजनिक संरचना तथा सडकको सौन्दर्यमा असर पर्ने गरी तार राख्न नहुने भन्दै व्यवस्थित रूपमा सेवा सञ्चालन गर्न सेवाप्रदायकलाई आग्रह गरेको छ ।

वडाले विद्युतका पोलमा रहेका अव्यवस्थित तारको अवस्थासमेत अवलोकन गरी व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अघि बढाएको जनाएको छ । वडा अध्यक्ष टेकबहादुर थापाका अनुसार पोलमा रहेका प्रयोगविहीन तथा अव्यवस्थित तार हटाएर व्यवस्थित गर्न सेवाप्रदायकलाई समयसीमा दिइएको छ । वडा कार्यालयले कुन कम्पनीका तार कुन-कुन पोलमा रहेका छन् भन्ने विवरणसमेत संकलन गरी साउन २९ गतेसम्म तार व्यवस्थापन गर्न सेवाप्रदायकलाई आग्रह गरेको छ । तोकिएको समयभित्र तार व्यवस्थापन नभए वडा कार्यालय, नगर प्रहरी तथा नेपाल प्रहरीको सहयोगमा अव्यवस्थित तार हटाउने अभियान सञ्चालन गर्ने वडा अध्यक्ष थापाले जानकारी दिए । छलफलमा आगामी भदौ २० गते दमकमा आयोजना हुने बृहत् श्रीकृष्ण रथयात्रालाई समेत ध्यानमा राखेर रथयात्राको मार्गमा रहेका तार व्यवस्थित गर्नुपर्ने विषयमा समेत जोड दिइएको छ ।

वडा कार्यालयले इन्टरनेट तथा केबल सेवा आवश्यक भए पनि सार्वजनिक सडक तथा विद्युत् पोललाई असुरक्षित बनाउने गरी तार राख्न नहुने जनाएको छ ।

**युवा....**गरे । अहिलेको पुस्ताले जिम्मेवारी पूरा गर्न नसके आगामी पुस्ताका युवाले पनि यस्तै अवसर नपाउन सक्ने चेतावनी उनले दिए ।

'चार महिनामा केही भएन भन्ने उस्तै आवाज आइरहँदा त कसरी सकिएला र? आजको भोलि नै परिणाम खोज्ने बानी पाऱ्यौँ भने हामीसँग विकल्प खोज्नेबाहेक विकल्प हुँदैन,' लामिछानेले भने, 'विकल्प खोज्नु विकल्प होइन, विकल्प बन्नु विकल्प हो ।'

उनले विगतमा राजनीतिमा युवा नेतृत्वको अभाव रहेको भन्दै उमेरका आधारमा अनुभवी पुस्तालाई आलोचना र अपमान गरेको हुनसक्ने आत्मसमीक्षासमेत गरे । उमेरकै कारण अनुभवी पुस्तालाई पर्याप्त सम्मान दिन नसकेको महसुस अहिले भएको उनले बताए ।


## दमक नगरपालिकाको बोलपत्र स्विकृत हुने आशयको सूचना

प्रकाशित मिति २०८३।०४।२८

दमक नगरपालिकाबाट मिति २०८३-०२-१४ मा प्रकाशित सूचना बमोजिम Preparation of DPR of Damak Multipurpose Park कार्यका लागि पर्न आएको प्रस्तावहरुका सम्बन्धमा दमक नगरपालिकाको मिति २०८३।०४।२७ गतेको निर्णयानुसार पेश भएका प्रस्तावहरु मध्ये देहायको प्राविधिक र आर्थिक प्रस्ताव सबैभन्दा बढी कूल अंक पाउने प्रस्तावदाता छनौट बिधिबाट सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क.स. | विवरण | छनौट भएको परामर्शदाता | प्राप्त अंक/ स्विकृत रकम मु.अ.कर समेत |
|---|---|---|---|
| १ | Preparation of DPR of Damak Multipurpose Park | Grid Consult Pvt. Ltd. - Quest Engineering Pvt. Ltd. JV, Kathmandu | ९३।७८<br>रु ९,६५,५८५। |

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार,
- जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:
- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

*लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं*

**नेपाल सरकार**
विज्ञापन बोर्ड


## खेलकुद

# नेम्बाङले दिए युवाहरुलाई खेलकुद सामग्रीहरु



**धरमपुर/** राजनीतिक तथा सामाजिक कार्यमा सक्रिय युवा दुर्गा नेम्बाङले स्थानीय खेलाडीहरूका लागि विभिन्न खेलकुद सामाग्रीहरू उपलब्ध गराएका छन् ।

शिवसताक्षी-१ स्थित धरमपुर बजारमा मंगलबार संक्षिप्त कार्यक्रम गरि उनले आफनो वडाभित्रका फूटवल तथा भलिबल खेल सम्बद्ध क्लबहरूलाई जर्सी तथा गोल प्रदान गरेका थिए । यसरी वितरण गरिएको खेलसामाग्रीहरूमा १३ थान फुटबल ,३ थान भलिबल र १८ थान जर्सीहरू रहेका छन् ।

ती सामाग्रीहरू फूलबारी एफसी, धरमपुर भलिबल टिम, चर्चावारी फुटबल एफसी, श्रीलक्ष्मी नारायण माध्यमिक विद्यालय फुटबल टिम, श्रीलक्ष्मी नारायण माध्यमिक विद्यालय भलिबल टिम, तिनकुने फुटबल टिम र डाँडागाउँ एफसीलाई दिएका थिए ।

खेलकुदमा संलग्न खेलाडीहरूलाई प्रोत्सासाहन दिन उनले तीन वर्षदेखि लगातार खेल सामाग्रीहरू वितरण गर्दै आएका छन् । नेम्बाङले युवाहरूलाई खेलकुदसहित कला, साहित्य, संगीतका क्षेत्रमा अभिप्रेरित गर्न यस किसिमका सहयोग उपलब्ध गराउदै आएको उल्लेख गरे ।

खेल सामग्री वितरण गर्दै नेम्वाङले ग्रामीण तथा स्थानीय क्षेत्रमा रहेका प्रतिभाशाली खेलाडीलाई आवश्यक सामग्रीको अभाव हुन नदिन आफूले सकेको सहयोग गर्दै आएको बताए ।

खेल सामाग्रीहरू पाएपछि स्थानीय क्लब र खेलाडीहरूले खेलकुदमा अघि बढ्न थप हौसला मिलेको बताएका छन् । स्थानीय स्तरमा हुने यस्ता सहयोगले खेलाडीको प्रतिभा पहिचान तथा विकासमा महत्वपूर्ण योगदान पुग्ने उनीहरूको भनाइ छ । समाजसेवी नेम्वाङ्ले यस अघि पनि खेलाडीहरूलाई १८ थान जर्सी र फुटबल प्रदान गरेका थिए ।

**आम्दा.....**_यसपटक ६० विद्यार्थीमध्ये चार जनालाई नेपाल भ्रमणका लागि छनोट गरिएको हो । भ्रमणका क्रममा उनीहरूले दमकस्थित आम्दा अस्पतालसहित स्वास्थ्य संस्थाको अवलोकन गर्नुका साथै चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीको कामबारे जानकारी लिएका छन् । आम्दा जापानकी नेपाल-भारत परियोजना संयोजक तथा परियोजना अधिकृत अर्चना जोशीका अनुसार विद्यार्थीलाई नेपालको स्वास्थ्य सेवासँगै भौगोलिक अवस्था, संस्कृति र प्राकृतिक विविधताको समेत प्रत्यक्ष अनुभव गराइएको छ ।_

_नेपालमा आम्दा नेपालअन्तर्गत दमकमा आम्दा अस्पताल, बुटवलमा सिद्धार्थ बाल तथा महिला अस्पताल, धुलाबारीमा आम्दा मेची अस्पताल र काठमाडौं जोरपाटीमा सीमाजु डेन्टल क्लिनिक सञ्चालनमा छन् । स्वास्थ्य सेवासँगै आम्दाले स्वास्थ्य शिक्षा क्षेत्रमा समेत काम गर्दै आएको छ । नेपाल भ्रमणपछि यी विद्यार्थीका लागि स्वास्थ्य सेवा अब पाठ्यपुस्तकमा पढिने विषय मात्र रहेन । अस्पतालको वास्तविक वातावरणमा स्वास्थ्यकर्मीको सेवा, बिरामीको पीडा र उपचार प्रक्रियालाई नजिकबाट देखेपछि उनीहरूले आफ्नो भविष्यको पेशालाई अझ गम्भीर र फराकिलो दृष्टिकोणबाट हेर्न थालेका छन् ।_

**केन्द्रको.....**र मन्त्रालय बाँडफाँटको मुख्य आधार हुनेछ । तर शक्ति सन्तुलन कायम गर्दा मुख्यमन्त्री र सभामुखको जिम्मेवारीलाई समेत गणना गरिने व्यवस्था गरिएको छ । मन्त्रालय छनोटमा पनि मुख्यमन्त्री नलिने दलले पहिलो प्राथमिकता पाउने र त्यसपछि मुख्यमन्त्री भएको दलले दोस्रो मन्त्रालय रोज्ने व्यवस्था गरिएको छ । यही क्रम दोहोर्याउँदै सबै मन्त्रालय बाँडफाँट गरिनेछ ।

कोशी प्रदेशमा सत्ता सहकार्यको तयारीमा रहेका एमाले र नेकपाका नेताहरु केही समययता मन्त्रालय भागबण्डा, सरकारमा सहभागिता, न्यूनतम साझा कार्यक्रम र विश्वासको मतलगायत विषयमा छलफल गर्दै आएका छन् । मंगलबार विराटनगरस्थित मुख्यमन्त्री निवासमा मुख्यमन्त्री हिक्मतकुमार कार्की र नेकपा नेता इन्द्र आङ्बोबीच पनि यसै विषयमा छलफल भएको थियो । एमाले नेता रेवतीरमण भण्डारीका अनुसार नेकपा एक साताभित्र प्रदेश सरकारमा सहभागी हुने र त्यसको अर्को साताभित्र मुख्यमन्त्री कार्कीले प्रदेशसभाबाट विश्वासको मत लिने तयारी भइरहेको छ । उनका अनुसार केन्द्रबाट आएको पाँचबुँदे निर्देशनकै आधारमा मन्त्रालय बाँडफाँटको टुंगो लगाइनेछ ।

कोशी सरकारमा सहभागी हुने तयारीमा रहेको नेकपाले महत्वपूर्ण मन्त्रालयमा दाबी गरिरहेको छ । मन्त्रालयको संख्या र जिम्मेवारी टुंग्याउन दुवै दलले केन्द्रको मापदण्डअनुसार गृहकार्य गरिरहेका छन् । बुधबार हुने थप छलफलबाट मन्त्रालय बाँडफाँटको टुंगो लाग्ने सम्भावना रहेको भण्डारीले बताए । मन्त्रालय भागबण्डासँगै सरकार सञ्चालनका लागि न्यूनतम साझा कार्यक्रम तयार गर्ने तयारीसमेत भएको छ । त्यसका लागि नेकपा नेता इन्द्र आङ्बोको नेतृत्वमा सात सदस्यीय कार्यदल बनाउने सहमति भएको छ । कार्यदलका सदस्यको टुंगो बुधबार लगाउने तयारी छ । दुई दलले संघीयताको प्रवर्द्धन, राजनीतिक स्थिरता, सुशासन, समृद्धि तथा प्रदेशको विकासलाई न्यूनतम साझा कार्यक्रमको आधार बनाउने भएका छन् । केन्द्रबाट प्राप्त निर्देशनअनुसार प्रदेश सरकारलाई साझा राजनीतिक प्रतिबद्धताका आधारमा सञ्चालन गर्ने तयारी गरिएको आङ्बोले बताए ।

गत साउन ९ गते एमाले र नेकपाबीच भएको तीनबुँदे सहमतिले प्रदेशमा नयाँ राजनीतिक सहकार्यको आधार तयार गरेको थियो । तर सहमतिको व्यवहारिक कार्यान्वयनका क्रममा मन्त्रालय भागबण्डा मुख्य चुनौती बन्दै आएको थियो । केन्द्रले मन्त्रालय बाँडफाँटको विधि नै तय गरेर पठाएपछि कोशीमा सत्ता सहकार्यको प्रक्रिया अघि बढेको नेताहरूको भनाइ छ । अब पहिलो चरणमा मन्त्रालय तथा सरकार सञ्चालनको मोडालिटी टुंग्याउने, त्यसपछि नेकपालाई सरकारमा सहभागी गराउने र त्यसको अर्को साताभित्र मुख्यमन्त्रीले विश्वासको मत लिने तयारी गरिएको छ ।

**सरकार...**_दोस्रो साता तीनबुँदे सहमति भएपछि कांग्रेस प्रदेश सरकारबाट बाहिरिएको हो । केन्द्रको गठबन्धन परिवर्तनसँगै कोशी प्रदेशमा पनि सत्ता समीकरण परिवर्तन भएको हो ।_


## कर्मचारी (आया) आवश्यकता

यस श्री मंगलमय माध्यमिक विद्यालय कमल-५ झापामा, कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झापाको मिति २०८३/०४/२७ गते चं. नं १७७ को प्राप्त पत्र अनुसार र यस विद्यालय अर्न्तगतको विषेश कक्षामा काम गर्ने आया छनौट समितिको मिति २०८३/०४/२७ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको संघीय सरकार को सर्शत अनुदान कोटाको रिक्त रहेको आया पदमा पदपूर्ति गर्नका लागि देहाय बमोजिमको कागजात एवम् शैक्षिक योग्यता पुगेका नेपाली नागरिक उम्मेद्वारहरुबाट दर खास्त आह्वान गरिन्छ।

**आया पदका लागि**

१. विज्ञापन नं. ०२/०८३/०८४
२. पद संख्या १ जना (महिला)
३. नियुक्तिको किसिम: सर्शत अनुदान अस्थायी करार
४. पद: आया (Caretaker)
५. शैक्षिक योग्यता: कक्षा ८
६. परीक्षाको किसिम: लिखित, मौखिक, अन्तरवार्ता
७ दरखास्त दिने मिति: मिति २०८३/०४/२७ देखि २०८३/०५/१० गते ४ बजेसम्म
८. उमेर १८ वर्ष पुरा भई ४० वर्ष पुरा नभएको ।
९. निवेदन दस्तुर: ५००/-
१०. सेवा सुविधा सम्बन्धमा: संघीय सरकारको सर्शत अनुदान बमोजिम ।

**आवश्यक कागजात:**

क. हस्त लिखित निवेदन
ख. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
ग. शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपिहरु
घ. अनुभव भए अनुभवका प्रमाणका प्रतिलिपिहरु

**परीक्षा मिति : २०८३/०५/११ गते विहिवार**
**समय: विहानको १० बजे**
**स्थान: विद्यालयको कार्यालय**

**श्री मंगलमय माध्यमिक विद्यालय**
कमल-५, झापा


◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२७२.
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com